# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

## वार्षिक प्रगति प्रतिवेदन २०७९/०८०




यो चित्र सुनिता महर्जनले तयार

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
## कार्यसमिति (२०७९-०८१)



पद्मिनी प्रधानाङ्ग (अध्यक्ष)



शरच्चन्द्र वस्ती (उपाध्यक्ष)



मदन कृष्ण शर्मा (महासचिव)



सुनिता गुरुङ्ग (कोषाध्यक्ष)



सबिता भण्डारी बराल (सदस्य)



महेन्द्र नारायण श्रेष्ठ (सदस्य)



हरि बहादुर थापा (सदस्य)



राष्ट्रिय व्यावसायिक पहल (संस्थागत सदस्य)
सरोज प्रसाद पाण्डे, प्रतिनिधि



रोजी अधिकारी पनेरु (सदस्य)



आशिष थापा (कार्यकारी निर्देशक)

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

# मानार्थ र साधारण सदस्य (कार्यसमिति बाहेक)

## मानार्थ सदस्य

१. डा. देवेन्द्रराज पाण्डे
२. श्री अम्बिका श्रेष्ठ
३. श्री दामोदर प्रसाद गौतम
४. प्रा. केदार भक्त माथेमा
५. श्री कृष्ण प्रसाद भण्डारी
६. प्रा.डा. भगवान कोइराला

## सदस्य

१. श्री खेमराज रेग्मी
२. श्री भरत बहादुर थापा
३. श्री बिष्णु बहादुर के.सी.
४. श्री बुद्धि नारायण श्रेष्ठ
५. डा. राम दयाल राकेश
६. श्री गीता केशरी
७. श्री महादेव प्रसाद यादव
८. श्री आनन्द राज मुल्मी
९. श्री रामकृष्ण मानन्धर
१०. श्री रमेश नाथ ढुङ्गेल
११. श्री आदित्य मान श्रेष्ठ
१२. श्री मुकुन्द बहादुर प्रधान
१३. श्री किरण थापा
१४. श्री सीताराम अग्रहरी
१५. श्री सागर राज शर्मा
१६. श्री कृष्ण ज्ञवाली
१७. श्री आर्या श्रेष्ठ
१८. श्री सुरेन्द्र वीर मालाकार
१९. श्री लीलाप्रसाद सापकोटा
२०. श्री सोमराज सिग्देल
२१. श्री भीम बहादुर श्रेष्ठ
२२. श्री चिन्तामणी योगी
२३. श्री तोया गुरुङ
२४. डा. विश्व केशर मास्के
२५. डा. मीना आचार्य
२६. डा. पोषराज पाण्डे
२७. श्री दीपकुमार उपाध्याय
२८. श्री सूर्यनाथ उपाध्याय
२९. श्री प्रेम राज पन्त
३०. डा. सुरेश राज चालिसे
३१. डा. विजय के.सी.
३२. डा. अनुशुया जोशी
३३. डा. ईश्वर प्रसाद उपाध्याय
३४. श्री भोजराज पोखरेल
३५. श्री मुकुन्द शर्मा पौडेल
३६. श्री वरुण प्रसाद श्रेष्ठ
३७. डा. रेवत बहादुर कार्की
३८. डा. विमल प्रसाद कोइराला
३९. श्री पवन कुमार ओझा
४०. श्री केशव प्रसाद आचार्य
४१. श्री जयराम सिंह बोहरा
४२. श्री प्रकाश ए राज
४३. श्री दोलख बहादुर गुरुङ
४४. डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल
४५. श्री राजुमान सिंह मल्ल
४६. श्री राम प्रसाद श्रेष्ठ
४७. श्री गीता अर्याल
४८. श्री खेमराज पाण्डेय
४९. श्री सुरेन्द्र बहादुर भारीजु
५०. श्री चण्डेश्वर आचार्य
५१. श्री सगुना शाह
५२. श्री सरस्वती पोखरेल
५३. श्री सुष्मा कर्ण
५४. श्री राजेश जोशी
५५. श्री सीता भट्ट

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
# वार्षिक प्रगति प्रतिवेदन २०७९/०८०

**(१९ असोज २०८० मा सम्पन्न हुने २८ औं वार्षिक साधारणसभामा महासचिव मदनकृष्ण शर्माद्वारा प्रस्तुत गरिने)**

## १. परिवेश

सार्वजनिक अधिकारको दुरुपयोगलाई प्रतिरोध गर्दै सरकार, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, नाागरिक समाज, र व्यक्तिगत जीवनलाई भ्रष्टाचारमुक्त बनाउन सदाचार, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा सघाउ पुऱ्याउने ध्येयका साथ वि.सं. २०५३ सालमा ट्रान्सपरेन्सी इन्टरनेशनलको संस्थागत सम्बन्धनमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको स्थापना भएको हो । स्थापनाकालदेखिनै यो संस्था आफ्नो उद्देश्य प्राप्तिको लागि सकृय रहँदै आएको छ । आर्थिक बर्ष २०७९/०८० मा पनि हाम्रो यस संस्थाले आफ्नो अभियानलाई समय-सापेक्ष बनाई ज्वलन्तरुपमा निरन्तर अगाडि बढाउन सफल रह्यो । देशको समसामयिक परिस्थितिलाई ध्यानमा राख्दै आपना गतिविधिहरू सञ्चालन गरी नै रह्यो ।

यो वर्ष अनीयमितताका ठूला-ठूला मुद्दाहरू भुटानी शरणार्थी प्रकरण, अवैध सुन काण्ड, ललिता निवास प्रकरण, पशुपतिनाथको जलहरी आदि सरकारले अघि बढाएको छ । यस कार्यमा आम-नेपाली जनता, मिडिया तथा नागरिक समाजको बलियो साथ रहेको विषय जगजाहेर नै छ । तर, सरकारको योजना र कार्यान्वयनले जनताको अपेक्षालाई सम्बोधन गरेको अनुभूति हुन नसक्दा नागरिकहरूमा वितृष्णा बृद्धि हुँदै गएको छ । भ्रष्टाचारमा संलग्न भनिएकाहरू पिरामिड आकारका ठूला साना सबैलाई कारबाही समानरुपमा अगाडि नबढ्दा नागरिकमा संशय पैदा भएको छ ।

देशको अर्थतन्त्र झन्-झन् परनिर्भर बन्दै गएको छ,। राजनैतिक हस्तक्षेप, बिचौलिया, माफिया, र तस्करको राज्य संयन्त्रमा बढ्दो प्रभाव, राष्ट्र सेवकमा खस्कदो इमान्दारिता र बिश्वस्नियताको कारण सरकारी राजश्व र आम्दानी प्रक्षेपित भन्दा ईतिहांसकै न्युन तहमा झरेको अवस्था छ । चालु खर्चमा अत्यधिक बृद्धि भई कूल आम्दानीले धान्न नसक्नेहो की भन्ने देखिन थालेको छ भने बिनियोजित पुंजिगत खर्च गर्न सकिएको छैन । आयोजना ब्यवस्थापनको कमजोरीले समयमा सम्पन्न नहुने, अत्यधिक मात्रामा लागत बढ्न गई देश र जनतालाई अनाबश्यक भार बढ्न गएको छ । यसले समृद्धिका लागि आवश्यक आर्थिक विकास, संरचना निर्माण र सार्वजनिक सेवाप्रवाहले सही दिशा लिन सकेको छैन । संघीय संसद् अवरोध र प्रभावहीन हुनु, प्रदेश सरकारहरूको फेरबदल, राजनीतिक खिचातानी, नेताहरूको महत्वाकांक्षा, नीतिगत र कानूनी चलखेलमा नियन्त्रण हुन नसक्नुले अस्थिरता बढ्न पुगेको अनुभवसमेत भएको छ । सुशासनका विभिन्न सूचकांकले देशमा भ्रष्टाचार न्यूनीकरणमा प्रगति भएको देखाएको छैन । प्रत्यक्ष वा परोक्षरुपमा यी कारकहरूले सरकार, संसद्, अदालत, सार्वजनिक क्षेत्र, कानून प्रवर्तन निकायहरू, भ्रष्टाचारविरोधी निकायहरू, सुरक्षा निकाय, मिडिया, नागरिक समाज, राजनीतिक दल र निजी क्षेत्रको भूमिकालाई प्रभावित गरेको छ । यस्ता निकायको प्रभावकारी आम-नागरिकको हितमा रहेको महसुस हुन सकेको छैन । नेपाल सरकारद्वारा विभिन्न समयमा संसद्मा प्रस्तुत भई छलफलको प्रक्रियामा रहेका सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी संशोधन विधेयकहरूमा भ्रष्टाचारका देषिलाई हदम्यादबाट उन्मुक्ति दिने र श्रोत नखुलेको कालोधनलाई सहजै चोख्याउन सकिने कानुनी ब्यवस्थाको प्रक्ताव गरिनुले भ्रष्टाचारलाई संस्थागत गर्न राज्य संयन्त्रनै लागेको आंकलन हुन थालेको छ ।

मुख्यरुपले राज्यका प्रमुख तीन निकायहरू सरकार, संसद् र न्यायालय प्रभावकारी हुन सके समग्र अन्य सबै क्षेत्रमा यसको प्रभाव देख्न सकिन्छ । आम-नागरिकलाई सहज रुपमा सेवा सुविधा उपलब्ध गराई मन जित्ने गरी काम हुन सकेमा राज्य-निकायहरू वा निजी तथा गैर-सरकारी निकायहरूमा त्यसको प्रत्यक्ष प्रभाव देख्न सकिन्छ । राज्यका हरेक अंगमा जनताले अनुभूति गर्ने गरी सुधार हुन आवश्यक छ । यद्यपि, स्थानीय, प्रदेश र संघीय तहको निर्वाचन समयमै सम्पन्न हुनु र त्यसपछि सरकार गठन भएर निर्वाचित जनप्रतिनिधिद्वारा सत्ता सञ्चालन हुनु आफैमा सकारात्मक पक्ष हो । पुराना शक्तिहरूलाई शिक्षा दिँदै जनताको अभिमत नयाँ युवापुस्तालाई जान खोजेको निर्वाचन परिणामले देखाएको छ ।

राज्यका अंगहरूलाई सक्षम र प्रभावकारी बनाउन जनताको महत्वपूर्ण भूमिका रहन्छ । देशमा भएका भ्रष्टाचार, अनियमितताका घट्नाहरुलाई नजिकबाट नियालिरहेको यस संस्थाले प्रेस विज्ञेप्ति मार्फत खरो रुपमा खबरदारी गरीरहेको छ । नागरिक चेतन्शील भएर खबरदारी गर्न सके पारदर्शिता, जवाफदेहिता र सदाचारको अभिवृद्धि भई जनताले अनुभव गर्न सक्ने सुशासनको प्रत्याभूति दिन सकिन्छ । त्यसैले त्यसतर्फ सरकार, नागरिक समाज तथा आम नागरिकको ध्यान जानु जरुरी छ ।

## २. संस्थाका गतिविधि

### २.१. २७औं वार्षिक साधारणसभाका निर्णय

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको २७औं वार्षिक साधारणसभा २०७९ असोज ७ गते काठमाडौंमा आयोजना भएको थियो । साधारणसभामा टीआई नेपालका ७१ मध्ये ४४ सदस्यको उपस्थिति रहेको थियो ।

सभाका मुख्य निर्णय

- संस्थाले सम्पन्न गरेका विभिन्न क्रियाकलापहरू विस्तृतरुपमा उल्लेख गरी अग्रिमरुपमा सदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगति प्रतिवेदन २०७८/०७९ संस्थाका महासचिव मुकुन्द बहादुर प्रधानद्वारा प्रस्तुत गरी, छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गरियो ।
- संस्थाको आम्दानी र खर्चको विस्तृत विवरण उल्लेख गरी अग्रिमरुपमा सभासदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन संस्थाका कोषाध्यक्ष किरण थापाद्वारा प्रस्तुत गरी छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गरियो ।
- आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरीक्षक पि.एम. एण्ड एशोसिएट्सलाई पुनः नियुक्ति दिइयो । लेखापरीक्षकको पारिश्रमिक अघिल्लो वर्षको पारिश्रमिक रु.५०,०००/- (करबाहेक) मा नबढ्ने गरी स्वीकृत गरियो ।
- २७औं वार्षिक साधारणसभाद्वारा श्री पद्मिनी प्रधानाङ्गलाई अध्यक्ष पदमा र श्री सबिता भण्डारी बराल, श्री शरच्चन्द्र वस्ती, श्री सिताराम अग्रहरी, श्री मदनकृष्ण शर्मा, श्री महेन्द्र नारायण श्रेष्ठ, श्री हरि बहादुर थापा, श्री सुनिता गुरुङ र राष्ट्रिय व्यावसायिक पहललाई कार्यसमिति सदस्य पदमा निर्विरोध निर्वाचित गरियो ।

### २.२ कार्यसमितिका मुख्य निर्णय

- २७औं र २८औं साधारणसभाबीच ७ पटक कार्यसमिति र ४ पटक व्यवस्थापन उपसमितिको बैठक सम्पन्न भएका छन् । ती बैठकका निर्णय कार्यान्वयन गर्न गरिएका मुख्य कार्य निम्नबमोजिम रहेका छन् :
- साधारणसभाबाट निर्वाचित समिति सदस्यमध्ये विधानको व्यवस्थाबमोजिम अध्यक्षद्वारा उपाध्यक्षमा श्री शरच्चन्द्र वस्ती, महासचिवमा श्री मदन कृष्ण शर्मा र कोषाध्यक्षमा श्री सुनिता गुरुङ्गलाई गरिएको मनोनयनलाई स्वागत गर्ने ।
- २७औं साधारणसभाको महत्वपूर्ण सुझाव र निर्णय जानकारीमा लिँदै तीनलाई क्रमशः कार्यान्वयन गर्ने । तीमध्ये स्रोतको अवस्था थप जटिल हुन नदिन नियमित बजेटरी सहयोगका लागि नेपाल सरकार र दातृ निकायसमक्ष विशेष पहल गर्ने ।
- संस्थाको अध्यक्ष ट्रान्सपरेन्सी इन्टरनेशनलका लागि Official Chapter Representative रहने समितिको पूर्व निर्णयलाई निरन्तरता दिने । ट्रान्सपरेन्सी इन्टरनेशनलको सन् २०२२ को वार्षिक सदस्यता भेलामा संस्थागत प्रतिनिधि अध्यक्ष रहने ।
- साधारणसभा र कार्यसमितिको माइन्यूटलाई अध्यक्षद्वारा प्रमाणीकरण गरिने व्यवस्थालाई निरन्तरता दिने । व्यवस्थापन उपसमिति बैठकको माइन्यूट महासचिव वा कार्यकारी निर्देशकले प्रमाणीकरण गर्ने व्यवस्थालाई निरन्तरता दिने ।
- संस्थाको धारणा प्रेश वक्तव्यमार्फत जारी गर्नुपर्दा व्यवस्थापन उपसमितिमा छलफल गर्ने । अन्तर्वार्ता, धारणाजस्ता समाचारमूलक सामग्रीका लागि सञ्चारमाध्यमबाट माग भए आवश्यकबमोजिम संस्थाका पदाधिकारी उपलब्ध हुने ।
- नयाँ रणनीतिक योजना २०२३-२०२७ मा आधारित रहँदै कार्यसमितिको बैठक २७९ को निर्णयबमोजिम कार्यसमिति सदस्यहरूको जिम्मेवारी वर्गीकरण गर्दै तयार गरिएको कार्यसमितिको १वर्षे कार्ययोजना (Executive Committee's Annual Work Plan 2022-2023) कार्यान्वयनका लागि स्वीकृत गर्ने । आफूलाई तोकिएको जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक कार्य सम्बन्धित सदस्यले गर्ने ।
- वार्षिक योजना र जिम्मेवारीको संक्षेपीकरण :
  - पद्मिनी प्रधानाङ्ग : राजनितिक दलमा आचारसंहिता र स्वार्थको द्वन्द्व सम्बोधन गराउने । नागरिक संस्थाको राष्ट्रिय सञ्जाल निर्माणमार्फत विषयगत वकालत गर्ने । सरकार, संसद् र न्यायलयमा नागरिक समाजको संयुक्त ज्ञापनपत्र प्रस्तुत गर्ने ।
  - शरचन्द्र वस्ती : सञ्चार क्षेत्रबाट स्वतःस्फूर्तरुपमा भ्रष्टाचार विरोधी सन्देश प्रसारण गराउने । राष्ट्रिय सवालमा सडक उपस्थितिमार्फत संस्थाको पहिचान देखाउने । सदाचार र सुशासनको पाठ विद्यालयस्तरमा समावेश गराउन पहल गर्ने ।
  - मदनकृष्ण शर्मा : भ्रष्टाचारविरोधी संवैधानिक, संसदीय, न्यायिक, सरकारी निकायसँग साझा कार्य गर्ने । मन्त्रीपरिषद्को नीतिगत निर्णयमार्फत भ्रष्टाचार हुने प्रथा रोक्न प्रधानमन्त्रीसमक्ष वकालत गर्ने । भ्रष्टाचार विरुद्धको राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रधानमन्त्रीको कार्यालयलाई जोड दिने ।

- सुनिता गुरुङ्ग : संस्थाको आर्थिक स्रोत बढाउन टीआई नेपाल परिवार र शुभेच्छुकबीच चन्दा संकलनको कदम सुरु गर्ने । संस्थालाई वार्षिक अनुदान दिनका लागि सरकारसमक्ष पहल गर्ने ।
- सविता भण्डारी बराल : भ्रष्टाचारविरोधी ऐन/कानुन सुधारका लागि संस्थागत धारणा सरकार, संसद्लाई पेश गर्ने ।
- सिताराम अग्रहरी : बागमती प्रदेशको मुख्यमन्त्री कार्यालयमा सदाचार इकाई स्थापना गराउन पहल गर्ने ।
- महेन्द्र नारायण श्रेष्ठ : लुम्बिनी प्रदेशको मुख्यमन्त्री कार्यालयमा सदाचार इकाई स्थापना गराउन पहल गर्ने ।
- हरि बहादुर थापा : भ्रष्टाचारसम्बन्धी अनुसन्धानात्मक रिपोर्ट उजारण र प्रवर्द्धन गराउने । संस्थाका पत्र र प्रेश वक्तव्यमार्फत जनसरोकारका विषय उठान गर्ने ।
- सरोज प्रसाद पाण्डे : व्यावसायिक क्षेत्रमा स्वच्छ अभ्यासप्रति प्रतिवद्धता बढाउने । विश्वविद्यालयमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी पठनपाठनमा जोड दिने ।

- महालेखा-परीक्षकको कार्यालयको २०७९/०८/१३ को पत्रमार्फत त्यस कार्यालयबाट सम्पन्न हुने कार्यमूलक लेखापरीक्षणमा सहभागी हुन पदाधिकारी र कर्मचारी माग भई आएको सन्दर्भमा सदस्य श्री रोजी अधिकारी र कर्मचारी श्री बबिता शर्मालाई संस्थाको प्रतिनिधि तोक्ने ।
- संस्थाको दैनिक खर्चसम्बन्धी बैक खाता नं. ००१०१०००००८६२२०१ मा खाता सञ्चालकहरूमध्ये वरिष्ठ अधिकृत श्री बबिता शर्माका अतिरिक्त वरिष्ठ अधिकृत बिनोद भट्टराईको हस्ताक्षर पनि समावेश गर्ने ।
- टी-साई परियोजनाको बजेट प्रयोग गरी दुई वरिष्ठ अधिकृतहरूको टीआई श्रीलंका वा टीआई माल्दिभ्समा अनुभव आदान-प्रदान गर्ने भ्रमण स्वीकृत गर्ने ।
- वि.सं. २०८० का लागि कार्टुनिष्ट क्लबको सहकार्यमा कार्टुन प्रयोग गरी संस्थाको क्यालेन्डर प्रकाशन गर्ने ।
- संस्थाको मुद्दती खातामा बचत खाताबाट हालै रु.१० लाख थप गरिएको सो अनुमोदन गर्ने ।
- टीआईद्वारा बर्लिनमा जलवायु परिवर्तनसम्बन्धी छलफल र कोरियामा लोकतन्त्रसम्बन्धी छलफल यही मार्च महिनामा आयोजना भइरहेकोमा पूर्व निर्णयबमोजिम कार्यकारी निर्देशक र अध्यक्षले भाग लिने प्रक्रिया अघि बढाउने ।
- संस्थाको Operation Manual 2020 का केही धाराहरूमा समय-सापेक्ष संशोधन गर्नुपर्ने देखिएकाले धारा १.१०, २.१ (डी), ५.१(बी), ५.१(सी), ६.१(बी), ६.१(ई), ६.३(बी) मा संशोधन गर्ने ।
- मधेश प्रदेशका मुख्यमन्त्रीका सल्लाहकारका रुपमा नियुक्त भएपश्चात् सदस्य श्री सिताराम अग्रहरीले कार्यसमिति सदस्यको पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने । कार्यसमिति सदस्यका रुपमा उहाँले पुऱ्याउनुभएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्ने ।
- श्री सिताराम अग्रहरीको राजीनामाबाट खाली हुनआएको कार्यसमितिको रिक्त एक स्थान पूर्ति गर्न अध्यक्षज्यूको प्रस्तावबमोजिम सदस्य श्री रोजी अधिकारी पनेरुलाई अर्को निर्वाचनसम्मका लागि सहवरण गर्ने ।
- जुन २०२३ मा ट्रान्परेन्सी इन्टरनेशनलद्वारा बैंककमा आयोजना हुने टीआई एशिया प्रशान्त कार्यक्रम तर्जुमा बैठक २०२३ मा संस्थागत सहभागिताका लागि नाम माग भइआएको सन्दर्भमा टीआईकै खर्चमा सहभागी हुने गरी कार्यकारी निर्देशक र वरिष्ठ अधिकृत विनोद भट्टराईलाई मनोनयन गर्ने ।
- २०७९ फागुन मसान्तसम्म आवद्ध संस्थाको हैसियतामा रहेका र आवद्धता नवीकरण गर्नका लागि यस संस्थासँग पत्राचार गरेका १४ संस्थाको यस संस्थासँगको आवद्धता २०८१ फागुन मसान्तसम्म नवीकरण गर्ने ।
- यस संस्थाको २८औं वार्षिक साधारणसभा १९ असोज २०८० मा आयोजना गर्ने । सो मितिको २१ दिनअघि वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनसहितको आमन्त्रण र सूचना ईमेलबाट सदस्यहरूलाई प्रेशित गर्ने ।
- टी-साई परियोजान अवधि अक्टोबर २०२३ सम्म (२ महिना) थप हुने, तर स्वीकृत कुल बजेट (यूरो १,४८,०२४) मा कुनै परिवर्तन नहुने गरी टीआईसँग १८ जुलाई २०२३ मा भएको सम्झौताको संशोधन अनुमोदन गर्ने । संशोधनमा मुख्य कारणहरूमा कोभिडपश्चात् परिमार्जित गतिविधि सम्पन्न गर्न थप जनशक्ति तथा समयको प्रयोग र जनशक्तिको खर्चको व्ययभार गतिविधिमा बाँकी रहेको रकमको प्रयोग मुख्य रहेको कुरा अनुमोदन गर्ने ।
- कार्यकारी निर्देशकद्वारा तयार गरी यसअघि कार्यसमितिमा खाका प्रस्तुत भएको जलवायु परिवर्तनसम्बन्धी ऋन्क्षए परियोजनाको परिमार्जित प्रस्ताव अनुमोदन गर्ने । उक्त प्रस्तावमा आधारित हुँदै १ अगष्ट २०२३ देखि ३१ अक्टोबर २०२५ सम्म करिब यूरो १,४३,००० को परियोजना प्रस्ताव तयार गर्ने जिम्मा कार्यकारी निर्देशकलाई दिने । प्रस्ताव स्वीकृति भएमा परियोजनाको सम्झौतामा संस्थाको तर्फबाट कार्यकारी निर्देशकले हस्ताक्षर गरी सरकारी निकायका स्वीकृतिका लागि अघि बढाउने ।
- ट्रान्सपरेन्सी इन्टरनेशनलको सहयोगमा सञ्चालनमा रहेको टी-साई परियोजनाको मध्यकालिन समिक्षा बैठकमा सहभागी हुन परियोजना सम्बन्धित दुई व्यक्तिहरूलाई आमन्त्रण गरिएकोमा संस्थाका वरिष्ठ अधिकृत विनोद भट्टराई र बबिता शर्मालाई प्रतिनिधि तोक्ने ।

- टीआईको आर्थिक सहयोग र समन्वयमा संस्थाका ४ परियोजना कर्मचारीको टीआई श्रीलंकामा अनुभव आदान-प्रदान भ्रमणका लागि नाम माग भइआएको सन्दर्भमा वरिष्ठ अधिकृतद्वय बबिता शर्मा र विनोद भट्टराई, कार्यक्रम परामर्शदाता शारदा नेपाली र कार्यालय सहायक शिसोर झोलाको नाम टीआई सचिवालयलाई उपलब्ध गराउने। भ्रमणपश्चात् टोलीबाट कार्यसमितिसमक्ष एक विस्तृत प्रतिवेदन पेश गर्नुपर्ने।

## २.३ प्रेश वक्तव्य/पत्रमार्फत वकालत

कार्यसमितिले विगत वर्षहरूमा जस्तै भ्रष्टाचार विरुद्ध र सदाचारका पक्षमा निरन्तर पैरवी गरेको छ। यस वर्ष प्रेस वक्तव्यमार्फत निम्न विषय उठाई सुधारका लागि सरोकारवालाको ध्यानाकर्षण गराइएको छ :

### क. संसद्मा विचाराधिन रहेका केही विधेयकमा संसदको पुनः गम्भीर ध्यानाकर्षणको माग

नेपाल सरकारद्वारा विभिन्न समयमा संसद्मा प्रस्तुत भई छलफललगायतको प्रक्रियामा रहेका सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संशोधन विधेयकहरूबारे ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले तत् समयमा संसद्को ध्यानाकर्षण गरिसकेको छ। उक्त विधेयकहरू यथावत् परित हुन गएको खण्डमा भ्रष्टाचार, अवैध सम्पत्तिको चलखेल, दण्डहीनता र कुशासनले प्रोत्साहन पाई मुलुकलाई असफल राष्ट्र बनाउन सक्ने हुँदा टीआई नेपाल निम्न विषयहरूमा संसद्को पुनः गम्भीर ध्यानाकर्षण गर्दछ।

### ख. ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल र यस संस्थासँग आबद्ध संस्थाहरूको भेलाद्वारा ध्यानाकर्षण

भ्रष्टाचार, अवैध सम्पत्तिको चलखेल, दण्डहीनता र कुशासनले मुलुकलाई खोक्रो पार्दै लगी असफल राष्ट्र बनाउन सक्ने तथ्य सर्वविदित नै छ। यस सन्दर्भमा अवैध तरिकाले आर्जित सम्पत्तिलाई स्वतः वैध तुल्याउने बाटो खोल्ने, व्यक्ति र समूह विशेषको निहित स्वार्थ पोषणप्रति अभिलक्षित निर्णयलाई नीतिगत निर्णयको नाम दिएर दण्डहीनतालाई प्रश्रय गर्ने, ठूल-ठूला भ्रष्टाचारका मामिलामा कारबाही नै नचल्ने र तिनमा संलग्न उच्चपदस्थहरूले स्वतः उन्मुक्ति पाउने परिस्थिति सिर्जना गर्ने, सांसद विकास कोषलाई अर्कै नाममा जगाउने, आफ्नै नागरिकलाई अनागरिक बनाएर किर्ते कागजात तयार गरी शरणार्थीका रुपमा विदेश पठाउन कार्यपालिकाका वरिष्ठ सदस्यहरूको संलग्नतामा संगठित अपराध गरिनेजस्ता सर्वथा आपत्तिजनक कार्यहरूप्रति यो भेला तीव्र खेद प्रकट गर्दछ।

### ग. नक्कली भूटानी शरणार्थी प्रकरणबारे टीआई नेपालको धारणा

नेपाली नागरिकलाई भूटानी शरणार्थी बनाएर विदेश पठाउन गरिएको संगठित प्रयासबारे हाल भइरहेको तदारुकतापूर्ण अनुसन्धानको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल स्वागत गर्दछ। हालसम्मको अनुसन्धानबाट उच्च प्रशासनिक तथा राजनीतिक तहको संलग्नता देखिएको यस प्रकरणको अनुसन्धान कुनै पनि प्रकारको दबावबाट प्रभावित नहोस्, कुनै पनि वहानामा छानविन शिथिल नहोस् र नरोकियोस्, प्राप्त प्रमाणलाई उचित संयोजन नगरी मुद्दा कमजोर बनाएर अदालतमा पेश गर्ने प्रपञ्च नरचियोस् र अपराधीहरू जुनसुकै पद र तहका भए पनि तिनलाई हदैसम्मको कारबाही होस् भनी टीआई नेपाल जोडदार आग्रह गर्दछ।

### घ. संसद्मा प्रस्तुत संशोधन विधेयकमा ध्यानाकर्षण

संसदमा प्रस्तुत भई दफावार छलफलको क्रममा पुगेका भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संशोधन विधेयकहरूबारे ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल निम्न विषयमा संसद्को ध्यानाकर्षण गर्दछ।

व्यक्ति वा समूह विशेषको निहित स्वार्थ-पोषणसम्बन्धी विषयहरू 'नीतिगत निर्णय' को परिभाषाभित्र नपर्ने स्पष्ट व्यवस्था हुनुपर्ने, भ्रष्टाचारको मुद्दा चलाउने हदम्याद 'थाहा पाएको मितिले पाँच वर्ष हुने' प्रावधानले प्रभावशाली ठूला भ्रष्टाचारीहरूलाई उन्मुक्ति दिने जस्केलो बन्न पुग्ने पुग्ने हुँदा यस्तो प्रावधान राख्न नहुने, नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र रहेको र यसले निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई फौजदारी कसूर मानी घुस लिने र दिने दुवै पक्षलाई कानूनी दायरामा ल्याउनुपर्ने स्पष्ट उल्लेख गरेको परिप्रेक्ष्यमा तद्नुरुप स्पष्ट कानूनी प्रावधान र नियमनकारी निकायहरूलाई चुस्त-दुरुस्त बनाउनेतर्फ पनि ध्यान पुऱ्याउनु पर्ने विषयमा ध्यान आकर्षित गरेको छ।

### ङ. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' सम्बन्धमा टीआई नेपाल नवनिर्वाचित सांसदहरू र समग्र संसद्को ध्यानाकर्षण

नेपाल सरकारले २०७९ माघ २७ गते संसद् सचिवालयमा 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दर्ता गराएको विषयमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको ध्यानाकर्षण भएको छ। ऐनको मूल मर्म र उद्देश्य प्रतिकूल हुने गरी 'स्रोत नखुलेको सम्पत्तिमा कर तिरेमा

सो सम्पत्तिलाई स्वतः वैधता प्रदान गरिने अर्थात् अवैध तरिकाले आर्जित धनलाई स्वतः वैध तुल्याइने बाटो' प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सजग रहन टीआई नेपाल नवनिर्वाचित सांसदहरू र समग्र संसद्को ध्यानाकर्षण गर्दछ ।

### च. स्वार्थ बाझिएका नियुक्ति बारे तत्काल निर्णय लिइयोस्

२०७९ माघ ११ काठमाडौंमा प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा हालै गठित मन्त्रीपरिषद्द्वारा भ्रष्टाचार विरुद्ध व्यक्त गरिएको नीतिगत प्रतिवद्धता स्वागतयोग्य छ । यस सन्दर्भमा उक्त प्रतिवद्धतासँग मेल नखाने गरी मन्त्रीपरिषद्मा स्वार्थ बाझिएका कतिपय व्यक्तिहरू नियुक्त गरिएको तथ्यप्रति ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको ध्यानाकर्षण ध्यान आकर्षित भएको छ । प्रधानमन्त्रीले मुलुकलाई सुशासनको बाटोमा हिँडाउन प्रतिबद्ध रहेको अनुभूति दिलाउन स्वार्थ बाझिएका मन्त्रीपरिषद् सदस्यहरूका सम्बन्धमा तत्काल निर्णय लिनुपर्नेबारे टीआई नेपाल गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ ।

### छ. ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल आबद्ध संस्थाहरूको भेलाद्वारा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्न ध्यानाकर्षण

फौजदारी अभियोग लागेका व्यक्तिहरूको मुद्दा फिर्ताका हकमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर प्रतिकूल अध्यादेश गरिनु हुँदैन । संविधानको भावना, आफूले पाएको कार्यदेश र सर्वोच्च अदालतको नजिरविपरीत खराब मनसायबाट सिफारिस भएको हुँदा तत्काल अध्यादेश फिर्ता लिन टीआई नेपाल सरकारसमक्ष माग गर्दछ । यस्ता कानुनविपरीतका कदमले भ्रष्टाचार मापन सूचकांकलाई समेत प्रभावित गर्ने हुँदा सचेत रहन सरकारलाई आग्रह गर्दछौं ।

### ज. संघीय र प्रादेशिक निर्वाचन २०७९ को सन्दर्भमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आह्वान

राज्य व्यवस्थाको सुदृढीकरणका साथै भ्रष्टाचार नियन्त्रण, सुशासन र सदाचारलाई प्रोत्साहन गर्नु आजको आवश्यकता हो । यसका लागि निर्वाचित हुने प्रतिनिधि योग्य, सक्षम र सदाचारी हुनु आवश्यक छ । तसर्थ, नेपाल र नेपालीको भविष्यसँग जोडिएको यस निर्वाचनलाई सफल बनाई उपयुक्त व्यक्तिमात्र निर्वाचित हुनसक्ने वातावरण बनाउन सरकार, निर्वाचन आयोग, राजनीतिक दल, उम्मेदवार, मतदाता, चन्दादाता, सञ्चारजगत्लगायत सबै सरोकारवालाको सकारात्मक भूमिकाका लागि ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल जोडदार आह्वान गर्दछ ।

## २.४ विभिन्न कार्यक्रममा सहभागिता

संस्थाका अध्यक्ष तथा कार्यसमिति पदाधिकारीहरूद्वारा विभिन्न कार्यक्रममा सक्रियतापूर्वक सहभागिता जनाइएको छ । लुम्बिनी सरकारसँग भएको सार्वजनिक खरिदसम्बन्धी छलफल र नेपाल उद्योग वाणिज्य महासंघसँगको समन्वयमा कर्णाली प्रदेशको छलफल कार्यक्रममा संस्थाका अध्यक्ष तथा महासचिवको सहभागिता रहेको थियो । अर्थ मन्त्रालयअन्तर्गतको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (पेफा)को सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समिति र महालेखा-परीक्षक कार्यालयअन्तर्गतको लेखापरीक्षण सल्लाहकार समिति बैठकहरूमा सदस्यको रुपमा संस्थाको तर्फबाट अध्यक्षले सहभागिता जनाउने गरिएकोमा यस वर्ष पनि सो कार्यले निरन्तरता पाएको छ । परियोजनाका विभिन्न कार्यक्रमहरू, संस्थाले आयोजना गरेका स्थापना दिवस, अन्तराष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवसहरूमा आयोजित छलफल कार्यक्रमहरूमा अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको सहभागिता रहेको छ । पदाधिकारी तथा सदस्यहरूले रेडियो कार्यक्रमहरूमा समय-समयमा संस्थागत धारणा पनि राख्दै आउनुभएको छ ।




टीआई नेपालको २८ औं स्थापना दिवस, काठमाडौं



लुम्बिनी प्रदेश सरकारसँगको समन्वयमा सार्वजनिक खरिद बिषयक छलफल, बुटवल

## २.५ परियोजना गतिविधि

### क. सामाजिक जवाफदेहीता र सदाचारका लागि सहकार्य (टी-साई) ९त्यनभतजभच ायच क्यअष्बी ब्अअयगलतबदषिष्तथ बलम क्षलतभनचष्तथ०

सन् २०२० मा टीआईको सहयोगबाट सार्वजनिक क्षेत्रमा जवाफदेहीता, सुशासन र सदाचार अभिवृद्धि गर्न सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्न यो बहुआयामिक परियोजना सञ्चालनमा ल्याइएको छ । यो परियोजना सन् २०२३ मा अन्तः हुनेछ । आर्थिक वर्ष २०७९/०८० मा परियोजनाअन्तर्गत सम्पन्न भएका विविध गतिविधिहरू मुख्यरुपमा निम्न शिर्षकअन्तगर्गतका छन् :

### क. सभा, सम्मेलन, छलफल, तालिम, अनुभव आदान/प्रदान

यस वर्ष पनि सदाचार अभिवृद्धि र सामाजिक जवाफदेहिता अभिवृद्धिका लागि रणनीतिक योजना २०२३-२०२७ मा छलफल, विद्यालयहरूसँग संयुक्तरुपमा छलफल, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग वाणिज्य संघ तथा राष्ट्रिय व्यावसायिक पहलसँग व्यावसायिक आचार-संहिताबारे छलफल, आवद्ध संस्थाहरूसँग छलफल, सार्वजनिक खरिदमा स्वच्छता विषयमा प्रदेश सरकारसँग छलफल, शिक्षा आय र व्ययको लेखाजोखासँग सम्बन्धित रेडियो कार्यक्रम, स्वच्छ व्यावसायिक अभ्यासमा प्रोत्साहनसँग सम्बन्धित रेडियो कार्यक्रम, गैससको स्वच्छता अभिवृद्धिसँग सम्बन्धितमार्फत कार्यक्रम रेडिया सम्पन्न भएका छन् । कार्यक्रममा सरोकारवालाले उठाएका विषयहरू पत्रमार्फत सम्बन्धित निकायमा ध्यानाकर्षण गरिएको छ । यस्ता कार्यक्रमहरु मार्फत नागरिकका नागरिकका गुनासोहरुको समाधानमा सहयोग पुगेको छ भने नेपाल सरकार र विभिन्न सरोकारवाला निकायहरुको सदाचार, पारदर्शीता तथा जवाफदेहिताका सम्बन्धमा ध्यान आकर्षित भएको छ ।

### ख. अध्ययन/अनुसन्धान

यस वर्ष काठमाडौंका मुख्य भीडभाड हुने सरकारी कार्यालयहरूमा सार्वजनिक सेवाको अवस्था के कस्तो रहेको छ भनेर सार्वजनिक सेवाप्रवाहसम्बन्धी सर्वेक्षण/डेटा संकलन गर्ने कार्य सम्पन्न गरिएको छ। काठमाडौंका भिडभाड हुने १० वडा कार्यालयका करिव ४०० जना सेवाग्राही उत्तरदाताबाट लिइएको तत्थ्याङ्क अनुसार कामको पारदर्शीता छ भन्नेमा ४१ र छैन भन्नेमा ५९ प्रतिशत प्राप्त भएको छ । यस्तै गरी भ्रष्टाचार बढेको भन्नेमा ३९, उस्तै छ भन्नेमा ५९ र घटेको छ भन्नेमा २ प्रतिशत उत्तर प्राप्त भएको छ । ढिलासुस्ति धेरै देखिएको छ । ९२ प्रतिशतले ढिला भएको र ८ प्रतिशतले मात्र समयमा काम भएको भनेका छन् । सरकारले दिएको सेवा प्रवाहमा ८३ प्रतिशतले असन्तुष्टि जनाएका छन् भने १७ प्रतिशतले मात्र सन्तुष्टि व्यक्त गरेका छन् ।

### ग. सन्देश सम्प्रेषण

संस्थाले नेपाल टेलिभिजन, रेडियो नेपाल, रेडियो सगरमाथालगायतबाट जनहितमा जारी, छोटो सन्देश प्रचार-प्रसार गरिएको छ । यस्ता सन्देश सार्वजनिक सेवाप्रवाहमा सबैको पहुँच, पारदर्शी खरिद, जवाफदेहीता अभिवृद्धि, निर्वाचनसम्बन्धी जनचेतनामूलक सन्देश र स्वास्थ्यसम्बन्धी जनचेतना रहेका छन् । यस्तै, प्रकारका सन्देश राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै परियोजनासम्बन्धी पर्चा, ब्रोसर तथा नोटबुक छापेर वितरण गर्ने कार्य गरिएको छ । सार्वजनिक स्थानमा सूचनासहितको होर्डिङ बोर्ड, नागरिक वडापत्र, सामाजिक जवाफदेहीताका औजारको प्रयोगसम्बन्धी सरकारी कार्यालयसँग छलफल तथा सामाजिक जवाफदेहीताका औजारसँग सम्बन्धित कार्यक्रम रेडियोमार्फत प्रसारण गर्ने कार्यहरू सम्पन्न भएका छन् । यसकार्यबाट आम जनमानसमा सदाचार सन्देश सम्प्रेशण भएको छ ।

### घ. अवलोकन, अनुगमन, मापन

यस वर्ष विभिन्न सरकारी निर्माणाधीन विद्यालय भवनहरूको अवलोकन गरिएको छ। यस संस्थाका कन्सल्टेन्ट इन्जिनियरमार्फत सम्पन्न गरिएको अवलोकनबाट प्राप्त निष्कर्षहरू विद्यालय भवन निर्माणसम्बन्धी सरकारी नियमन निकायहरूमा पत्रमार्फत सुधारका लागि ध्यानाकर्षण गरिएको छ । यस्तो ध्यानाकर्षणपश्चात् उचित सुधार भएको छ । यस संस्थाको कामबाट स्कुल निर्माणमा पारदर्शीता कायम भएको छ । टीआई नेपालको पहलबाट अनियमितता भएको बजेटबारे आवाज उठाएर नियमन निकायको उचित एक्सनबाट सम्पन्न हुन बाँकी स्कुलभवन सम्पन्न भएको छ ।

### ङ. गुनासो संकलन, सार्वजनिक सुनुवाइ

भ्रष्टाचार, अनियमिता, सेवाप्रवाह, ढिलासुस्तीजस्ता समस्याबारे नागरिकको धारणा बुझ्न सरोकारवाला संघीय वा स्थानीय सरकारका कार्यालयहरूसँग समन्वय गरी सहायता कक्ष, गुनासो संकलन र सार्वजनिक सुनुवाइ सम्पन्न भएका छन् । कार्यक्रमहरूमा संकलित गुनासो मूलतः सार्वजनिक सेवामा भएका ढिलासुस्ती, अनियमीतता आदिसँग सम्बन्धित रहेका छन् । प्राप्त गुनासो सम्बन्धित सरकारी कार्यालयहरूसँग समन्वय गरी सहजीकरण गरी पीडितलाई मद्दत गरिएको छ ।

गुनासोहरूलाई पत्रमार्फत सम्बन्धित सरकारी निकायको ध्यानाकर्षणसमेत गरिएको छ । यस कार्यले नागरिकका समस्या समाधानमा सहयोग पुगेको छ ।

### च. विद्यार्थी तथा स्वयंसेवी अभिमुखीकरण

विद्यार्थी तथा युवावर्गको भ्रष्टाचारविरोधी अभियानमा रहने भावी योगदानलाई मध्यनजर गर्दै स्वयंसेवी विद्यार्थीलाई परियोजनाको कार्यमा संलग्न गराई कार्यगत पक्षको पनि थप ज्ञान दिइएको छ । त्यस्तै, सामाजिक जवाफदेहीता र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित क्याम्पसस्तरका विद्यार्थीहरूबीच युथ क्लबको विषयमा छलफल भएको छ । त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको भ्रष्टाचार विरुद्धको अध्ययन केन्द्रसँग स्नातक तहमा समेत अध्ययन/अध्यापन सुरुवात गर्ने विषयमा छलफल भएको छ । विभिन्न क्याम्पसका स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई संस्थाका विज्ञ प्रतिनिधिमार्फत सदाचार सम्बन्धमा अतिथि कक्षा सञ्चालन गरिएको छ । रेडियोमार्फत पनि सदाचार शिक्षाको बारेमा कार्यक्रम गरिएको छ । यी कार्यक्रम मार्फत युवा पुस्तालाई भ्रष्टाचार विरुद्धको अभियानमा एकजुट हुन उत्प्रेरणा जागृत भएको छ ।

### छ. पिछडिएका वर्ग, महिला भेटघाट

यस वर्ष संस्थाले परियोजनामार्फत सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग छलफल कार्यक्रमहरू सञ्चालन गरेको छ । यस्ता विषयमा रेडियो कार्यक्रमसमेत प्रसारण गरिएको छ । सरकारको नियमित सेवाप्रवाहबाट बाहिर रहने तथा सभा-सम्मेलनमा प्रायशः संलग्न नहुने पिछडिएका वर्ग, महिला, न्यून आय भएका र बृद्धहरूसँग सरकारी सेवाप्रवाहमा केन्द्रित रहँदै समस्या संकलन गरिएको छ । प्राप्त समस्या सम्बन्धित नियमन निकाय तथा स्थानीय सरकारलाई पत्रमार्फत ध्यानाकर्षण गरिएको छ । यसले उनीहरुमा जागरण ल्याएको छ भने सेवा सम्बन्धी समस्या समाधानमा सहयोग पुगेको छ ।

### ज. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९) र टीआई नेपालको स्थापना दिवस (२ भदौ) को अवसरमा छलफल कार्यक्रमहरू गरिएको छ ।

### झ. अनुभव तथा विशेषज्ञता आदान/प्रदान

नयाँ कार्यक्रमको तयारी, चालु कार्यक्रमको रिभ्यू र अनुभव तथा विशेषज्ञता आदान/प्रदानका लागि टीआई नेपालका कर्मचारीहरूको  थाइल्यान्ड, इन्डोनेसिया, माल्दिभ्स, श्रीलंका) भ्रमण सम्पन्न भएको छ । भ्रमणबाट स्वच्छ निर्वाचनमा युवावर्गको भुमीका, भ्रष्टाचार विरुद्ध नागरिक संघ संस्था र सरोकारवालाहरुसँगको सहकार्य, आम नागरिकमा सूचनाको हकको महत्व जस्ता विषयमा ज्ञान प्राप्त भएको छ ।

| क्र.सं. | गतिविधि (साउन २०७९ - असार २०८०) | जम्मा |
|---|---|---|
| १ | **सभा सम्मेलन, छलफल, तालिम, अनुभव आदान/प्रदान**<br>(रणनीतिक योजना २०२३-२०२७, सार्वजनिक खरिद, विद्यालयहरू, उद्योगी, एनजीओ, आवद्ध संस्थाहरूसँग छलफल र पत्राचारसमेत) | २५ |
| २ | **अध्ययन अनुसन्धान**<br>(सार्वजनिक सेवाप्रवाहसम्बन्धी सर्वेक्षण/डेटा संकलन) | १ |
| ३ | **सन्देश सम्प्रेषण**<br>(रेडियो, टेलिभिजन, सूचनासहितको होर्डिङ बोर्ड, नागरिक वडापत्र औजारको प्रयोगसम्बन्धी सरकारी कार्यालयसँग छलफल, पत्रिकामा प्रीन्ट सन्देश, ब्रोसर, नोटप्याड, पेन, भित्तेपात्रो प्रकाशन) | १५ |
| ४ | **अवलोकन, अनुगमन, मापन**<br>(सरकारी विद्यालय भवन अवलोकन र पत्राचारसमेत ) | ५ |
| ५ | **गुनासो संकलन, सार्वजनिक सुनुवाइ**<br>(गुनासो संकलन (मोबाइल एलाक) सार्वजनिक सुनुवाई कार्यक्रम र पत्राचारसमेत ) | १२ |
| ६ | **विद्यार्थी तथा स्वयंसेवी अभिमुखीकरण**<br>(विद्यार्थीबीच शिक्षामा सदाचार विषयक प्रस्तुति, युवा क्लबको स्थापनाको लागि पहल, विद्यार्थीबीच शिक्षामा सदाचारसँग सम्बन्धित रेडियो कार्यक्रम) | ५ |
| ७ | **पिछडिएका वर्ग, महिला भेटघाट** | ९ |

| | | |
|---|---|---|
| | (सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग अन्तरक्रिया/छलफल र रेडियोमार्फत कार्यक्रम प्रसारण र पत्राचारसमेत) | |
| ८ | **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम**<br>(भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा गोष्ठी र टीआई नेपालको स्थापना दिवसको अवसरमा छलफल) | २ |
| ९ | **अनुभव तथा विशेषज्ञता आदान/प्रदान**<br>अनुभव तथा विशेषज्ञता आदान/प्रदानका लागि टीआईको कार्यक्रम तथा च्याप्टर (इन्डोनेशिया, थाइल्यान्ड, माल्दिभ्स, श्रीलंका) भ्रमण | ४ |
| | **जम्मा गतिविधि** | **७७** |

## २.६ नयाँ परियोजना

जलवायुमा सुशासन र सदाचार परियोजना (सीजीआईपी) नेपाल नयाँ परियोजनाको रुपमा यसै वर्षबाट सुरु भएको छ ।

## ३. आर्थिक विवरण

- आ.व. २०७९/०८० मा संस्थाको कुल आम्दानी दाताबाट परियोजनाका लागि प्राप्त सहयोगसहित रु.९७ लाख रहेको छ । परियोजनाको मुख्य श्रोत ट्रान्सपरेन्सी इन्टरनेशनलको सहयोग रु.७९ लाख रहेको छ ।
- आ.व.२०७९/०८० मा जम्मा खर्च रु.९९ लाख रहेको छ । सो मध्ये परियोजनाको लागि जम्मा रु.७९.३ लाख खर्च भएको छ भने संस्थाको आन्तरिक श्रोतबाट ह्रास कट्टी सहित जम्मा रु.१९.७ लाख खर्च भएको छ ।
- आर्थिक बर्ष २०७९/०८० को अन्तमा संस्थाको आफ्नै बचत करिव रु.१ करोड ८६ लाख रहेको छ । सो रकम मुद्दति तथा बचत खाताहरुमा राखिएको छ ।

## ४. उपसंहार

ठूला भ्रष्टाचारका काण्डहरूमा स्वयं राजनीतिक दलका उच्च तहका नेता तथा सरकारकै उच्च पदस्थहरूको समेत मिलिमतो रहेको विषय मिडियामा मात्र सिमित नभई अनुसन्धानको सुरुवात र अदालतमा मुद्दा दायर समेत भएका छन् तर राजनितिक दलहरुको मिलोमतोका कारण मुद्दाहरु कमजोरहुने कुरामा शंका गर्ने धेरै ठाउँहरू छन् । सर्वोच्च अदालतको आदेशहुदा समेत ठुला नेताहरु र नातेदारहरु अनुसन्धानको दायरामानै नआउने अवस्था छ । जुनरुपमा नागरिक तहबाट भ्रष्टाचार विरुद्ध र सुशासनको पक्षमा खबरदारी हुनुपर्ने हो, त्यसप्रकारको कार्यहरूसमेत प्रभावकारी भएका छैनन् ।

यस संस्थाको धेरै परियोजनाहरू समापन भएका र नयाँ परियोजनाहरू नभएकाले स्थानीय, प्रदेश र संघीयस्तरमा कार्यक्रमहरू गर्ने, खबरदारी गर्नेजस्ता क्रियाशिलतामा समेत असर परेको छ । यद्यपि, भ्रष्टाचारका राष्ट्रिय मुद्दाहरू र भ्रष्टाचार विरुद्धका केही ऐनहरू संशोधनका लागि सरकारले पेस गरेका विधेयकहरूका विषयमा संस्थाले प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा राख्दै आएको छ । राजधानीलगायत देशका कतिपय स्थानहरूमा भएका कार्यक्रममा संस्थाका पदाधिकारी र सदस्यहरूको सहभागिता र सहयोग सह्रानीय रहेको छ । संस्थाका गतिविधि अझ प्रभावकारी बनाउन आगामी वर्षहरूमा यस संस्थाका सदस्यहरू, कर्मचारी, आवद्ध संस्थाहरूको सहयोग र समन्वय अझ प्रभावकारी हुनुपर्ने देखिन्छ ।

## फोटो फिचर



टीआई नेपालको अध्यक्षमा श्री पद्मिनी प्रधानाङ्ग निर्वाचित



टीआई नेपालको रणनीतिक योजना विषयक छलफल २०२३-२०२७



सन् २०२२ भ्रष्टाचार अवधारणा सूचकाङ्क सार्वजनिक



महिला सुरक्षा दबाव समूहको समन्वयमा अन्तरक्रिया कार्यक्रम



टीआई नेपालसँग आबद्ध संस्थाहरुको भेला २०८०



महिला तथा सिमान्तकृत समुहसँग अन्तरक्रिया



भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा विचार गोष्ठी



नागरिक संघ संस्थाहरुको आचार संहिता बिषयक छलफल, बुटवल ।



*जेष्ठ नागरिक समाज छलफल, चन्दागिरी नपा-६, काठमाडौं*



स्वच्छ र व्यावसायिक आचारसंहिता कार्यान्वयनको अनुभव सम्बन्धमा छलफल



*भ्रष्टाचार विरुद्ध अन्तराष्ट्रिय दिवस ९ डिसेम्बरको अवसर टीआई नेपाल*



विद्यालयहरूसँग संयुक्त छलफल, सीतापाइला, काठमाडौं



सुझाव/गुनासो संकलन तथा सार्वजनिक सुनुवाई, तारकेश्वर नपा-५



नेपाल, श्रीलंका, पाकिस्तान, माल्दिभ्सको अनुभव आदान-प्रदान भ्रमण, श्रीलंका




TI organized the Indo Pacific STRONGG program, Thailand



सामाजिक जवाफदेहिताका औजार प्रयोगसम्बन्धी छलफल, भक्तपुर

## अनुसूची - १

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल आवद्ध संस्था

| प्रदेश नं. | | जिल्ला | संस्था |
|---|---|---|---|
| १ | १ | इलाम | महिला जागरण संघ |
| | २ | विराटनगर | नागरिक सरोकार मञ्च-नेपाल |
| | ३ | सुनसरी | संकल्प समुदायमा आधारित पुनर्स्थापना |
| | ४ | उदयपुर | मानवअधिकार र वातावरण विकास केन्द्र |
| मधेश | | - | - |
| बागमती | ५ | दोलखा | मानव अधिकार सचेतन तथा विकास केन्द्र |
| | ६ | चितवन | भ्रष्टाचार विरुद्ध अभियान |
| गण्डकी | ७ | कास्की | सुशासनका लागि नागरिक समाज |
| लुम्बिनी | ८<br>९ | रुपन्देही | पारदर्शी सरोकार समूह, बुटवल<br>पारदर्शी नेपाल सिद्धार्थनगर |
| | १० | गुल्मी | सुशासन अभियान |
| | ११ | बाँके | बागेश्वरी असल शासन क्लब |
| कर्णाली | १२ | सुर्खेत | नागरिक सरोकार संघ |
| सुदूरपश्चिम | १३ | कैलाली | सदाचारका लागि सामाजिक पहल |
| | १४ | दार्चुला | समाज कल्याण समाज |

## ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

### सचिवालय

आशिष थापा, कार्यकारी निर्देशक
बबिता शर्मा, वरिष्ठ अधिकृत
बिनोद भट्टराई, वरिष्ठ अधिकृत
शिशोर घोला, कार्यालय सहायक
श्यामलाल साई, चालक

सारदा नेपाली (कार्यक्रम)
उत्तम राउत (तथ्यांक)
श्याम महर्जन (डिजाइन)